# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७) काठमाडौं, चैत ८ गते २०४४ साल (संख्या ४८

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडले विदेशबाट पैठारी गर्ने ३७३०.२० मे. टन चिनीमा लाग्ने समिकारक महसुल छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

### श्री ५ को सरकार

### उद्योग मन्त्रालयको सूचना

श्री ५ को सरकारले पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ को दफा २४ को प्रयोजनको लागि देहायबमोजिमको दस्तूर तोकेकोले यो सूचना प्रकाशित गरिएको छ ।

१. नेपाली नागरिकको लागि पच्चीस रूपैयाँ र

२. विदेशीको लागि सो रकमको दोब्बर प्रचलित सटही दरले हुने परिवर्त्य विदेशी मुद्रा ।

आज्ञाले,
राधारमण उपाध्याय
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।